२०६४।१०।२१

बैठक नं. १६

आज मिति २०६४ साल माघ २१ गते आइतवार का दिन खाँदवारी नगर कार्यपालिकाको प्रमुख श्री मुरारी प्रसाद खतिवडा ज्युको अध्यक्षतामा नगर कार्यपालिकाको सोह्रौं बैठक बसी निम्नानुसार प्रस्तावहरु माथी छलफल गरि सर्वसम्मत निर्णय गरियो ।

- उपस्थिति -

१. श्री मुरारी प्रसाद खतिवडा, प्रमुख नगर कार्यपालिका
२. श्री. डिगेश्वरी श्रेष्ठ. उप-प्रमुख. नगरकार्यपालिका
३. श्री. निरञ्जन श्रेष्ठ. सदस्य नगर कार्यपालिका वडा नं. १
४. श्री. ज्ञान वहादुर श्रेष्ठ. " — " — " २
५. श्री. तोयनाथ ढुंगाना " — " — " ३
६. श्री सञ्जिता राई " — " — " ४
७. श्री. श्याम तिमल्सिना श्री. वो. सदस्य " — " ५
८ श्री दयानिधि वराल, सदस्य नगरकार्यपालिका वडा नं. ६
९. श्री मौसम आले मगर " — " — " ७
१०. श्री डम्वर वहादुर कटुवाल " — " — " ८
११. श्री टिकाराम कुमाल " — " — " ९
१२ श्री केशवराज वि. थापा " — " — " १०
१३. श्री. नगेन्द्र गुरुङ, " — " — " ११
१४ श्री. कुडगाङ. लामा " — " — " १
१५ श्री. वाल कुमारी खड्का कार्की " — " — " २
१६ श्री सुनिता कार्की कटुवाल " — " — " ३
१७ श्री इन्द्रमाया वरायली " — " — " ३
१८. श्री. गोर्खमाया घिमिरे " — " — " ५
१९. श्री. लक्ष्मी राई युवार " — " — " ८
२० श्री पदमलाल तामाङ " — " — " १०
२१ श्री. चन्द्रकला तामाङ " — " — " १०
२२ श्री. कमल कुमार तिमल्सिना, प्रमुख प्रशासकीय अधिकृत
श्री गणेश श्रेष्ठ. ना.सु. बैठक निर्णय लेखक,

निर्णय नं १

खाँदवारी नगरपालिका वाड नं ३ स्थित श्री महेन्द्र मा.वि.मानेभन्ज्यांङ्ग को व्यवशायीक कृषि प्राविधिक विद्यालय संचालन, गर्ने सन्दर्भमा खाँदवारी नगरपालिकाको प्रथम नगर सभावाट महेन्द्र मा.वि.मानेभन्ज्यांङ्ग कृषि प्राविधिक शिक्षालय प्रयोगशाला सामाग्री खरिद शिर्षकमा रु १५ लाख विनियोजना भएको र सो को कार्यान्वयनका लागि विद्यालय व्यवस्थापन समितिले मिति २०७४/१०/ गते यस कार्यालयमा शिर्षक परिवर्तन गरि कार्यान्वयन गरि पाउ भनि पेश गरेको विषयमा आजको कार्यपालिकाको वैठकमा पेश भई छलफल हुँदा जिल्लाकै एक मात्र कृषि प्राविधिक विद्यालय भएको र सो विद्यालयले जिल्लाकै कृषि प्राविधिक उत्पादन गरिरहेको हुँदा विद्यालयको निर्णय अनुसार कृषी प्राविधिक ल्याव व्यवस्थापन शिर्षकमा खर्च गर्ने गरि प्रथम नगर सभाको निर्णय नं २७ ले दिएको अधिकार प्रयोग गरि कार्यक्रम को प्रस्ताव प्राप्त गरि अनुदानको रुपमा संसोधन गरि एक मुष्ठ अनुदान उपलव्ध गराउने गर्ने निर्णय गरियो ।

निर्णय नं २

सेकाहा सामुदायीक होम स्टे खा.न.पा ४ वाट मिति २०७४ साल पौष ९ गते प्राप्त निवेदन अनुसार सामुदायीक होम स्टे व्यवस्थापनका (किचन घर निर्माण ) गर्नको लागि रकम माग भई आएको र सो प्रस्ताव उपर छलफल हुँदा प्रथम नगर सभाको पर्यटन विकास पुर्वाधारको वुँदा नं ४ अन्तर्गत विनियोज रकम वाट रु २ लाख मात्र प्रथम नगर सभाको निर्णय नं २७ ले दिएको अधिकार प्रयोग गरि कार्यक्रम को रुपमा संसोधन गरि नियमानुसार उपलव्ध गराउने गर्ने निर्णय गरियो ।

निर्णय नं ३

खा.न.पा ९ स्थित श्री मनकामना मन्दिर परिशरमा मिति २०७४ साल माघ २२ गते देखि मिति २०७४ साल माघ २९ गते हुने श्री हरि आध्यात्मीक गूरुकुल मनकामनामा संचालन हुने श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञका लागि कार्यक्रम सहित रकम माग भएको विषयमा छलफल हुँदा वित्तीय समानीकरण अर्न्तगतको सस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालय अर्न्तगत सस्कृति प्रवर्द्धन कार्यक्रम वाट खर्च हुने गरि विनियोजित रकम वाट रु १ लाख मात्र प्रथम नगर सभाको निर्णय नं २७ ले दिएको अधिकार प्रयोग गरि उक्त कार्यक्रमलाई प्रस्तावनाका आधारमा अनुदान दिने निर्णय गरियो ।

निर्णय नं ४

खाँदवारी नगरपालिकाका विभिन्न वडाहरु अन्तरगत संघ सस्थाहरु वाट माग भई आएको कार्यक्रमहरु उपर छलफल हुँदा निम्नानुसार कार्यक्रमको प्रस्ताव माग गरि तपसिल अनुसारको रकम विनियोजन गर्ने निर्णय गरियो ।

| क.स. | माग भई आएको कार्यक्रम | खर्च हुने शिर्षक | जम्मा स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सवा(sabah)नेपाल, कुरुषवाट अल्लो सिलाई वुनाई तालिमका लागि | सामाजिक तथा प्रर्वद्धनात्मक विकास तर्फ विनियोज रकमको वुदा नं ८ को आर्थीक विकास आर्थीक वृद्धि हुने खालका कार्यक्रम संचालनमा रहेको रकम वाट | ५०,०००/( पचार हजार मात्र) | पुरै कार्यक्रम वनाई नगरप्रमुख ज्युवाट स्वीकृत गराई कार्यान्वयन |
| २ | खा.न.पा.१ घिमिरे गाउ स्थित वाल उद्यन पार्क व्यवस्थापन अनुदान | वाल उद्यनलाई छुट्याइएको रु ३,५०,०००/को कार्यक्रम वनाई सो मध्ये वाट ~~रु ६० हजार~~ रुद्राक्ष लगायत पार्कको संरक्षणका लागी राखीएको हेरालु खर्च वापतरु ६० हजार छुट्याउने । | ६०,०००/( साठी हजार मात्र) | |
| ३ | नेवारी वेल विवहा (इहि) संचालन अनुदान | वित्तीय समानीकरण अर्न्तगतको सस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालय अर्न्तगत सस्कृति प्रवर्द्धन कार्यक्रम वाट खर्च हुने गरि | ५०,०००/( पचार हजार मात्र) | |
| ४ | खा.न.पा. २ भ्यु टावर वाँकी निर्माण कार्य | वित्तीय समानीकरण अर्न्तगतको सस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालय अर्न्तगत पर्यटन पुर्वाधार विकास कार्यक्रम वाट खर्च हुने गरि | ४,००००० /चार लाख मात्र) | |
| ५ | अरुणथान हरेलो पद मार्ग (सडी) निर्माण | वित्तीय समानीकरण अर्न्तगतको सस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालय अर्न्तगत पर्यटन पुर्वाधार विकास कार्यक्रम वाट खर्च हुने गरि | ४,००००० /चार लाख मात्र) | |

निर्णय नं ५

खाँदवारी नगरपालिका वडा नं ५ स्थित माल्टा खानेपानी तथा सरसफाई योजनाले पेश गरेको निवेदन अनुसार सो विषयमा खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय संखुवा सभा संग समन्वय गरि अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं ६

खाँदवारी नगरपालिका वडा न ९ स्थित संखुवा सभा युनाइटेड क्वल ले तुम्लीङटारमा रमाइलो मेला सन्चालनको लागी मिति २०७४/१०/१० गते एक महिना सम्मको लागी अनुमति पाउ भनि दिइएको निवेदन उपर व्यापक छलफल हुँदा खाँदवारी नगरपालिकाको प्रथम नगरसभाले पास गरेको आर्थीक ऐन तथा राजश्वको दर रेटका आधारमा कर असुल गर्ने गरि जिल्ला प्रशासन कार्यालय खाँदवारी संखुवासभा वाट प्राप्त हुने इजाजतका आधारमा मेला लागाउन स्वीकृति दिने निर्णय गरियो । साथै चालु आ.व.को वाकी अवधिमा यस्ता प्रकारका रमाइलो मेला,लगायतका कार्यक्रमहरुलाई स्वीकृति नदिने समेत निर्णय गरियो ।

खाँदवारी न. पा. वार्ड न. २ वडा समिति वाट सिफारिस भई आएको नगरसभावाट पारित निम्न कार्यकमहरुलाई ससोधन सहित कार्यान्वयन गर्ने निर्णय गरियो ।

| सावक भएको | हाल अब हुन पर्ने |
|---|---|
| खा.न.पा.२ स्थित खेलमैदान निर्माण तथा व्यवस्थापन भएको | चेवा वेशी खेलमैदान जग्गा खरिद |

निर्णय नं ७

खाँदवारी नगरपालिका २०५३ साल माघ १८ गते स्थापना भई २१ औ वर्षमा प्रवेश गरि सकेको सन्दर्भमा ~~हाल सम्म~~ नगरपालिका स्थापना दिवशको उपलक्ष्यमा कुनै विषेश कार्यक्रम संचालन गर्न नसकिएको हुँदा आगामी वर्ष देखि विभिन्न कार्यक्रम सहित भव्यताका साथ नगरपालिका स्थापना दिवस मनाउने निर्णय गरियो ।